**माचुदो**

# घरको फोहोर छुट्याउने र फाल्ने तरिका【सरल संस्करण】नियमहरू

【सम्पर्क】 माचुदो सिटी गृह फोहोर कल सेन्टर:
0120-264-057

## नियमहरू

- बिहान ८:३० भित्र फाल्नुहोस्
- जल्ने फोहोर लाई माचुदो शहरको प्रमाणित झोलामा मात्र हाल्नुहोस्।
- अन्य प्रकारको फोहोर भने पारदर्शी प्लास्टिकको झोलामा (निर्धारित नभएको) राख्नुहोस्।

फोहोर उठाउने दिन बिदा हुने मिति

- **प्रत्येक आइतबार**
- **मे ३ देखि मे ५ सम्म**
- **डिसेम्बर ३१ देखि जनवरी ३ सम्म**

## ①जल्ने फोहोर



झोला पाइने पसलहरूको सूची उपलब्ध छ।

माचुदो शहरले प्रमाणित गरेको झोला प्रयोग गर्नुहोस्



## ② नजल्ने फोहोर



स्प्रे क्यान आदि

फलाम वा धातुजन्य वस्तु

सिरामिक र काँचका वस्तुहरू

**साना इलेक्ट्रोनिक सामानहरू**

प्लास्टिकका सामानहरू (३० से.मी. भन्दा ठूला तर से.मी. भन्दा साना)

काटिएको हाँगा, झरेको पात, घाँस आदि


"नज्लने फोहोर" उठाउने दिनमा सङ्कलन गरिन्छ।



## ③हानिकारक फोहोर

हानिकारक फोहोर झोला वितरण केन्द्र





सुक्खा ब्याट्री, सानो गोल ब्याट्री

ट्युव बत्ती (फ्लोरोसेंट लाइट)

साना चार्ज हुने ब्याट्री भएको उपकरणहरू


## ④पुन: प्रयोग गर्न मिल्ने फोहोर

हप्तामा एक पटक
बारी-बारी सङ्कलन
गरिन्छ

कागज र कपडाजन्य वस्तुहरू



खानेपिउने बस्तुको बोतल र क्यानहरू



## ⑤ रिसाइकल गर्न मिल्ने प्लास्टिक

"प्याकेजिङ प्लास्टिक" को चिन्ह भएको वस्तु मात्र मान्य हुन्छ।



भित्रको सामान पूरै खाली गरी, पानीले पखालेर मात्र फ्याँक्ने।



## ⑥ अन्य प्लास्टिक फोहर

※ रिसाइकल गर्न मिल्ने भए पनि फोहोर नहट्ने / धेरै मैलो भएका वस्तु

30 से.मी. भन्दा कम साइजका प्लास्टिक वस्तुहरू



## ⑦ठूला फोहर

एक छेउ करिब 50 से.मी. भन्दा लामो भएका वस्तु (अपवाद हुन सक्छ)

तलका मध्ये कुनै एक तरिकाले आवेदन दिनुहोस्


<फोन> ठूला फोहर स्वागत केन्द्र
☎047-391-0007
समय: बिहान 8:30 देखि बेलुकी 5:00 सम्म
बन्द हुने दिन: आइतबार, सार्वजनिक बिदा, स्थानान्तरण बिदा,
12/29 ~ 1/3

वा

<अनलाइन>

"ठूला फोहर प्रोसेसिङ टिकट" किन्नुहोस्
टिकट सामानमा टाँस्नुहोस्


संकलन दिनमा घर अगाडि राख्नुहोस्
एकल घर・・・गेट अगाडि वा सडकतर्फको ग्यारेजमा
अपार्टमेन्ट・・・पहिलो तलाको प्रवेशद्वार नजिक वा फोहर संकलन स्थल छेउमा



## ⑧पेट बोतल

PET

(1) ढक्कन/लेबल हटाउनु (2) पानीले पखाल्नु (3) च्यापेर सानो बनाउन



तलका कुनै एक तरिकाले फ्याँक्ने

पेट बोतल संकलन गर्ने पसलमा लगेर फ्याँक्ने

सूचीमा नभएका पसलहरूमा पनि संकलन बक्स हुन सक्छ, त्यहाँ पनि प्रयोग गर्न सकिन्छ।

संकलन सहयोग गर्ने पसल


सामूहिक संकलन (रिसाइकल गतिविधि) मार्फत फ्याँक्ने

तपाईंको क्षेत्रमा सामूहिक संकलन हुने वा नहुने फरक पर्न सक्छ। विस्तृत जानकारीका लागि नगरपालिकाको होमपेज हेर्नुहोस्।


सामूहिक संकलन

फोहोर संकलन स्थानको संकलन दिन (हप्ताको कुन दिन) जाँच गर्नुहोस्!

※ विस्तृत जानकारी नगरपालिकाको होमपेज हेर्नुहोस्।



क्षेत्र विभाजन तालिका



फोहोर कहाँ फाल्ने त?

प्रत्येक फोहोर सङ्कलन स्थल (सङ्कलन बिन्दु) मा १२ प्रकारका फोहोर उठाउने फरक फरक दिन हुन्छ।



फोहोर घटाउने प्रतीक पात्रः (कुरिन्कुरु चान)

यो फोहोर कसरी फाल्ने?
कुन दिन फाल्न मिल्छ?



**मोबाइलबाट पनि हेर्न सकिन्छ।**

- उठाउने दिनको जानकारी प्राप्त गर्न सकिन्छ।
- कुन वस्तु कुन प्रकारको फोहोर हो भनेर खोज्न सकिन्छ।



## さんあ～る

उपलब्ध भाषा: जापानी र अङ्ग्रेजी

तलको QR कोडबाट डाउनलोड गर्नुहोस्,
अथवा

さんあ～る

iPhone　android

### प्रारम्भिक (जिल्ला) सेटिङहरू




एप इन्स्टल गरेपछि, आफू बस्ने क्षेत्र छान्नुहोस्।
चिबा प्रिफेक्चर → माचुदो सिटी → आफ्नो वडा/क्षेत्र चयन गर्नुहोस्।

### सूचना (नोटिफिकेशन) सेटिङ्ग




मेनु" → "सेटिङ" बाट फोहोर फाल्ने दिनको सूचना अन/अफ गर्न सकिन्छ।

कुन प्रकारको फोहोरको जानकारी कहिले आउनुपर्छ भन्ने समय पनि छान्न सकिन्छ।

## माचुदो सिटीको आधिकारिक LINE खाता


सबैभन्दा पहिला LINE मा "साथि" (फ्रेन्ड) मा दर्ता गर्नुहोस्।

तलका मध्ये कुनै एक तरिकाबाट दर्ता गर्नुहोस् :

①साथी (फ्रेन्ड) बन्नुहोस्
(Friend Add गर्नुहोस्)

साथी (फ्रेन्ड) बन्नुहोस्

### सङ्कलन मिति सूचना सेटिङहरू



सङ्कलन मितिको लागि आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्, पहिले तय गरिएको दिन (एक दिन अगाडि वा त्यही दिन) छुट्याइएको फोहोरको उठाउने दिनको सूचना LINE मा आउँछ।

### चाहिएको वस्तु खोजी



LINE को टोक स्क्रिनको (स्क्रिनको बायाँतिरको किबोर्ड आइकन छान्दा), खोज्न चाहिएको वस्तु टाइप गर्दा, स्वतः त्यसको फोहोर छुट्याउने तरिका देखाउँछ।

साथी (फ्रेन्ड) बनेपछि, सूचना सेटिङ्गमार्फत आधारभूत जानकारी राख्नुहोस्।

②ID खोज्नुहोस्
खाता नाम: माचुदो सिटी
(@matsudo.city)

सहरको वेबसाइट (विस्तृत जानकारीका लागि)




टक स्क्रिनको तल देखिने मेनुहरू




मुख्य मेनुमा "फोहोर" भन्नेमा टच गर्दा माथिका जानकारीहरू टक स्क्रिनमा देखिन्छ।